# अन्तिम पत्र कपिल अधिकारी

तिम्रो अन्तिम पत्र को जवाफ दिन वसेको छु
कहाँ वाट शुरु गरुँ कहाँ अन्त गरुँ
के लेखुँ के नलेखुँ
समवेदना दिइ रहेछु अथवा लिइ रहेछु
थाहा छैन के लेखि रहेछु आँशुले
लागि रहेछ तिमी अगाडि उभि रहेछौ
अथवा तिमी सँग वात गरि रहेछु
समवेदना साटि रहेछु
तिमीले माया गरेको देश वाट टाढा छु
तिमीले अपनायको देश वाट टाढा छु
मातृ भूमि वाट धेरै धेरै टाढा छु
देश दुखेको वेला
मलाइ भन्दा वढि तिमीलाइ दुखेको देशको के कुरा गरौँ
हिमाल रक्ताम्मे छ
पहाड रक्ताम्मे छ
तराइ रक्ताम्मे छ
दोस्रो विश्व युद्धको तिम्रो बाभरिया जस्तै
रक्ताम्मे छ धरा
तिमीलाइ मन पर्ने सगरमाथा मन पर्ने मनासुल,
गणेश भोक्रायका छन
जसरी म तिमीलाइ संभि भोक्रायको छु
तिम्रो महाप्रश्थान मा
कहाँ बग्छ त्रिशुलीमा पानि अब
रगत भेल बग्दैछ
माइला शुशेल्दै बोक्दैन तिम्रा भारि
माइला भारि लाश बोक्दैछ
अथवा घाइते,
घाइते मनले
जित बहादुर भने हतियार समाउन हिडयो कि
अथवा सोतर भै सक्यो
पदयात्रा मा बुट मात्र हिँडछ
गरयाप गरयाप
घरको खबरले आहत भएको वेला
देशको खबरले मर्माहत भएकौ वेला
तिम्रो खबरले मरणासन्न भएको छु
जान्छु पनि भनेनौ
जाउँ पनि भनेनौ
अन्तिम पत्र को जवाफ दिनै भ्याएको थिइँन
दाल डुकुमा कुदेको वेला
कसरी अन्तरध्यान भएछौ
थाहै नदिइ सुटुक्क
घर घरमा कोरा बारेको देखेर
कति दुख्यो होला तिमीलाइ बध शाला भएको देखेर
छटपटायौ होला कृष्ण जस्तै यादव कुल को विनाश देखेर
अनि
कति दुख्यो होला नेपाल तिमीलाइ ?

नेपाल जपेरै माहायात्रा शुरु गरेछौ
कतै टुल्कु भइ त सकेनौ ?
इशाराम अथवा शिव बुद्ध
कर्म यौगीको देलौ खोज्दै आए कि
बरु
केन्जिन, चन्दनवारि
नाम्चे अथवा खुमजुङ नगिचै
भेडि अथवा चौंरी गोठमा
गोठालो भइ जन्मियौ होला
जहाँ तिमी अहोरात्र
सुन्दर शान्त विशाल
स्फटिक जस्तो कन्चन हिमाललाइ
सगरमाथालाइ
दर्शन गर्न सक्छौ
श्पर्श गर्न सक्छौ
माइला जस्तै शुशेल्दै
पहाड कन्दरामा मीठासले
ओतपोत हुन सक्छौ
र
एकाकार हन सक्छौ ।
आलर हाइलिगनमा सतविज
त्यतै छर्न पर्ला ।

(शब्द श्रदान्जली । मित्र श्री फान्ज ज्याभ्यिर मुर बाभरिया,जर्मनी )

ताइपेई, ताइवान
Feb22,2004